# सर्वसाधारणको राय माग गरिएको सम्बन्धी सूचना!

## सूचना प्रकाशित मिति: २०८३।०१।०८

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले बालबालिका समबन्धी ऐन, २०७५ लाई संशोधन गर्न संशोधन विधेयकको मस्यौदा तयार गरेको छ। विधायन ऐन, २०८१ को दफा ६ को उपदफा (२) बमोजिम उल्लिखित विधेयकको मस्यौदा तथा सो विधेयक तर्जुमा गर्नुका कारण र संशोधनले पार्ने प्रभाव सर्वसाधारणको रायको लागि प्रकाशन गरिएको हुँदा संशोधन मस्यौदा उपर यसैसाथ संलग्न ढाँचामा चौध दिनभित्र 1childprotection398@gmail.com मा आफ्नो राय प्रतिक्रिया उपलब्ध गराईदिनु हुन सम्पूर्ण सरोकारवाला तथा सर्वसाधारण समक्ष अनुरोध गरिएको छ।

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरबार, काठमाडौं

## विधायन ऐन, २०८१ को दफा ६ को उपदफा (२) बमोजिम
## बालबालिका सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक
## तर्जुमा गर्नुका कारण र त्यसले पार्ने प्रभाव

**१. कुन समस्या सम्बोधनका लागि विधेयक तर्जुमा गर्नु परेको हो सोको कारण:**

- बालबालिकालाई औपचारिक न्यायिक प्रक्रियाबाट अलग गर्न दिशान्तर सम्बन्धी हाल विद्यमान कानूनी व्यवस्था अनुसार सो दायरामा पर्ने कसूरजन्य कार्य नगण्य मात्रामा रहेकोले दिशान्तरको दायरालाई फराकिलो पार्न उपयुक्त देखिएको।
- बालसुधार गृहमा रहेका बालबालिका अठार वर्ष उमेर पूरा भए पश्चात बाल सुधार गृहभित्र गरेको कसूरमा सामान्य फौजदारी कानून आकर्षण नगर्दा सुधार गृहमा रहेका बालबालिकालाई नकारात्मक मनोबल बढ्न जाने हुँदा बालबालिकालाई सुधार तर्फ प्रेरित गर्न उपयुक्त देखिएको।
- अन्तराष्ट्रिय दायित्व अनुरुप बाल न्याय प्रणालीलाई सुदृढीकरण गर्न बालबालिकाले गरेको कसुरमा सजाय घटाउन उपयुक्त देखिएको।
- विशेष संरक्षणको आवश्यकता भएका तथा जोखिममा रहेका बालबालिकाको अस्थायी संरक्षण सेवा व्यवस्था गर्ने जिम्मेवारी संघीयताको मर्म बमोजिम प्रदेश सरकार र स्थानीय तहलाई दिन उपयुक्त देखिएको।
- बालसुधार गृहभित्र मानव अधिकार हनन, सार्वजनिक सम्पत्तिमा तोडफोड, आगजनी र बालसुधार गृहबाट भाग्ने कार्यमा रोकथाम गर्न उपयुक्त देखिएको।

**२.विधेयकको व्यवस्थाबाट मौलिक हक तथा बालबालिकाको अधिकारको क्षेत्रमा पर्ने प्रभाव:**

- नेपालको संविधानको धारा ३९ ले व्यवस्था गरेको संवैधानिक हकको सुनिश्चित हुने,

**३.विधेयकको व्यवस्थाबाट पर्ने आर्थिक तथा वित्तीय प्रभाव:**

- हाल कार्यान्वयनमा रहेको बालबालिका सम्बन्धी, ऐन, २०७५ को संशोधन विधेयकबाट नेपाल सरकारलाई थप आर्थिक दायित्व नपर्ने।

**४. विधेयकको व्यवस्थाबाट दिगो विकासको लक्ष्य हासिल गर्न पुग्ने सहयोग:**

- दिगो विकास लक्ष्य नं. ३ को लक्ष्य प्राप्तिमा सहयोग पुग्ने ( सबै उमेरका व्यक्तिका लागि स्वस्थ जीवन सुनिश्चित गर्ने) ।

**५. विधेयकको व्यवस्थाबाट सुशासन प्रबर्द्धनमा पर्ने प्रभाव:**

- बाल सुधार गृहहरूको सञ्चालन एवम् व्यवस्थापन प्रभावकारी हुने ।
- बालबालिकाको अधिकार सुनिश्चित हुने ।

**६. विधेयकको व्यवस्थाबाट जलवायु अनुकुलमा पुग्ने सहयोग:**

नभएको ।

**७. अन्य आवश्यक विषय:**

बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ र नेपालको संविधानमा व्यवस्था भएबमोजिम बालबालिकाको अधिकार सुनिश्चितताका लागि बाल न्याय प्रणालीलाई व्यवस्थित गर्न खोजिएको।

## बालबालिका सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक

**प्रस्तावना:** बालबालिका सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, सङ्घीय संसद्ले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "बालबालिका सम्बन्धी (पहिलो संशोधन) ऐन, २०८३" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा २ मा संशोधन:** बालबालिका सम्बन्धी ऐन, २०७५ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः-

"(क) "अनाथ बालबालिका" भन्नाले बेवारिसे अवस्थामा प्रहरीले फेला पारेको र निजको बाबु वा आमा फेला नपरेको वा अस्पताल वा स्वास्थ्य संस्थामा बेवारिसे अवस्थामा छोडिएको वा बाबु र आमा पत्ता नलागेको वा बाबु र आमा दुबैको मृत्यु भई पालनपोषणको लागि कुनै सम्पत्ति नभएको भनी जिल्ला प्रशासन कार्यालयबाट अनाथ प्रमाणित भएका बालबालिका सम्झनु पर्छ।"

३. **मूल ऐनको दफा ४ मा संशोधन:** मूल ऐनको दफा ४ को उपदफा (३) मा रहेका "बालबालिकाको आमाले चाहेमा" भन्ने शब्दहरूको सट्टा "बालबालिकाको आमाले र आमाको मृत्यु भएको वा पत्ता नलागेको अवस्थामा परिवारको अन्य सदस्य वा संरक्षकले चाहेमा" भन्ने शब्दहरू राखी देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर आमा वा परिवारको अन्य सदस्य वा संरक्षकले जन्मदर्ता गर्न नसकेमा वा नचाहेमा सम्बन्धित स्थानीय बाल अधिकार समितिको सिफारिसमा सम्बन्धित पञ्जिकाधिकारीले जन्मदर्ता गरिदिनु पर्नेछ।"

४. **मूल ऐनको दफा ५ मा संशोधन:** मूल ऐनको दफा ५ को उपदफा (२) मा रहेका "छोरा छोरी, छोरा, छोरा वा छोरी, छोरी" भन्ने शब्दहरूको सट्टा "छोरा छोरी, छोरा छोरा, छोरी छोरी" भन्ने शब्दहरू राखिएका छन्।

५. **मूल ऐनको दफा ७ मा संशोधन:** मूल ऐनको दफा ७ को,-

(१) उपदफा (६) मा रहेको "तिनीहरूको" भन्ने शब्द झिकिएको छ।

(२) उपदफा (९) मा रहेका "चौध वर्ष मुनिका" भन्ने शब्दहरू झिकिएका छन्।

६. **मूल ऐनको दफा ११ मा संशोधन:** मूल ऐनको दफा ११ को उपदफा (३) मा रहेका "बाल अदालत, प्रहरी कार्यालय, संरक्षक, अभिभावक वा अन्य निकायबाट" भन्ने शब्दहरू झिकिएका छन्।

७. **मूल ऐनको दफा २४ मा संशोधनः** मूल ऐनको दफा २४ को उपदफा (५) पछि देहायको उपदफा (६) थपिएको छः-

"(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कसूरजन्य कार्यको अभियोग लागेको बालबालिका अठार वर्ष उमेर पूरा भएपछि फेला परेमा वा बाल अदालतमा हाजिर हुन आएमा बाल अदालतले त्यस्तो व्यक्तिलाई प्रचलित कानून बमोजिम धरौटी वा जमानत माग गर्न वा मुद्दाको पुर्पक्षको लागि थुनामा राख्न बाधा पर्ने छैन।"

८. **मूल ऐनको दफा २७ मा संशोधनः** मूल ऐनको दफा २७ को,-

(१) उपदफा (१) को खण्ड (क) र (ख) को सट्टा देहायका खण्ड (क) र (ख) राखिएका छन्:-

"(क) दश हजार रुपैयाँसम्म बिगो भएको वा दश हजार रुपैयाँसम्म जरिबाना वा एक वर्षसम्म कैद हुन सक्नेमा अनुसन्धान अधिकारीले,

(ख) तीस हजार रुपैयाँसम्म बिगो भएको वा तीस हजार रुपैयाँसम्म जरिबाना वा तीन वर्षसम्म कैद हुन सक्नेमा सरकारी वकीलले,"

(२) उपदफा (२) झिकिएको छ।

९. **मूल ऐनको दफा २९ मा संशोधनः** मूल ऐनको दफा २९ को उपदफा (५) को सट्टा देहायको उपदफा (५) राखिएको छः-

"(५) उपदफा (१) बमोजिम दिशान्तर गरेकोमा सोको जानकारी देहाय बमोजिमको निकायलाई दिनु पर्नेछः-

(क) अनुसन्धान अधिकारी वा सरकारी वकीलले दिशान्तर गरेकोमा तालुक निकाय, सम्बन्धित बाल अदालत र केन्द्रीय बाल न्याय समिति,

(ख) बाल अदालतले दिशान्तर गरेकोमा केन्द्रीय बाल न्याय समिति र सम्बन्धित उच्च अदालत।"

१०. **मूल ऐनको दफा ३० मा संशोधनः** मूल ऐनको दफा ३० को उपदफा (६) को सट्टा देहायको उपदफा (६) राखिएको छः-

"(६) कुनै कसूरजन्य कार्यमा बालबालिका सहित उमेर पुगेको व्यक्ति संलग्न भएमा त्यस्तो मुद्दा बाल अदालतबाट कारबाही, सुनुवाई र किनारा गर्नु पर्नेछ।"

११. **मूल ऐनको दफा ३६ मा संशोधनः** मूल ऐनको दफा ३६ को,-

(१) उपदफा (१) मा रहेका "दश वर्षभन्दा" भन्ने शब्दहरूको सट्टा "बाह्र वर्षभन्दा" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपदफा (२) मा रहेका "दश वर्ष" भन्ने शब्दहरूको सट्टा "बाह्र वर्ष" भन्ने शब्दहरू राखी सोही उपदफामा रहेका "कैद सजाय गर्न वा कैद नगरी बढीमा एक वर्षसम्म" भन्ने शब्दहरू झिकिएका छन्।

(३) उपदफा (३) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर त्यसरी उमेर पुगेको व्यक्तिलाई हुने कैद सजायको आधा सजाय गर्दा पाँच वर्षभन्दा बढी अवधि हुने गरी सजाय गरिने छैन।"

(४) उपदफा (४) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर त्यसरी उमेर पुगेको व्यक्तिलाई हुने कैद सजायको दुई तिहाई सजाय गर्दा सात वर्षभन्दा बढी अवधि हुने गरी सजाय गरिने छैन।"

(५) उपदफा (४) पछि देहायको उपदफा (४क) थपिएको छः-

"(४क) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि बाल अदालतको आदेश बमोजिम तिर्नुपर्ने क्षतिपूर्तिको रकम बालबालिकाले तिर्न नसकेमा सो बापत निजलाई बाल सुधार गृहमा राखिने छैन।"

(६) उपदफा (५) पछि देहायको उपदफा (५क) थपिएको छः-

"(५क) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (२), (३) वा (४) बमोजिम सजाय ठहर भएको बालबालिका अठार वर्ष उमेर पूरा भएपछि फेला परेमा वा बाल अदालतमा हाजिर हुन आएमा बाल अदालतले त्यस्तो व्यक्तिलाई सजाय भएको अवधिको लागि प्रचलित कानून बमोजिम कैदमा पठाउनु पर्नेछ।"

(७) उपदफा (७) मा रहेका "वा पटकेरुपमा कसूर" भन्ने शब्दहरु झिकिएका छन्।

(८) उपदफा (७) पछि देहायको उपदफा (८) राखिएको छः-

"(८) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बाल सुधार गृहमा रहेको कुनै बालबालिकाले अन्य बालबालिकालाई कुटपिट, सार्वजनिक सम्पत्तिमा तोडफोड, आगजनी वा हुलदङ्गा गर्ने वा गर्न उक्साउने र बालसुधार गृहबाट आफुखुशी भागेमा निजलाई थप छ महिना बाल सुधार गृहमा राख्न सकिनेछ।"

१२. <u>मूल ऐनको दफा ३७ मा संशोधन</u>: मूल ऐनको दफा ३७ को मा रहेका "सामान्यतया एक सय बीस दिनभित्र" भन्ने शब्दहरुको सट्टा "एक सय असी दिनभित्र" भन्ने शब्दहरु राखिएका छन्।

१३. <u>मूल ऐनको दफा ३८ मा संशोधन</u>: मूल ऐनको दफा ३८ को सट्टा देहायको दफा ३८ राखिएको छः-

"३८. <u>सुधार अवधि घटाउन, छुट दिन वा प्यारोलमा राख्न सकिने</u>: (१) बाल अदालतको निर्णय बमोजिम बाल सुधार गृह, कुनै संस्था वा व्यक्तिको संरक्षण, जिम्मा वा निगरानीमा रहेको बालबालिकाको सुधार अवधि घटाउन वा छुट दिन उपयुक्त हुने देखेमा बाल सुधार गृहमा रहेको बालबालिकाको हकमा सम्बन्धित बाल सुधार गृहको प्रमुखले र अन्य कुनै संस्था वा व्यक्तिको संरक्षण, जिम्मा वा निगरानीमा रहेको बालबालिकाको हकमा

सम्बन्धित बाल कल्याण अधिकारीले देहायका विवरण तथा कागजात संलग्न गरी बाल अदालतमा सिफारिस गर्न सक्नेछः-

(क) बानी, व्यहोरा र आचरणमा आएको सुधार,

(ख) आर्जन गरिरहेको सीप वा शिक्षाको निरन्तरता,

(ग) निरन्तर रूपमा उपचार गराई राख्नुपर्ने दीर्घ वा कडा रोग वा निको नहुने रोग लागेको भनी नेपाल सरकारबाट मान्यताप्राप्त मेडिकल बोर्डको सिफारिस,

(घ) समाज तथा परिवारप्रति निजको सकारात्मक धारणा,

(ङ) व्यतित गर्न बाँकी रहेको सुधार अवधि।

(२) उपदफा (१) बमोजिम प्राप्त सिफारिस उपर जाँचबुझ गर्दा सुधार अवधि घटाउन वा छुट दिन मनासिब देखेमा बाल अदालतले बालबालिकाको बाँकी सुधार अवधि घटाउन वा छुट दिन सक्नेछ।

(३) कुनै पनि कसूरजन्य कार्य गरी बाल अदालतको निर्णय बमोजिम बाल सुधार गृहमा रहेको बालबालिका वा अठार वर्ष उमेर पुगेको व्यक्तिलाई प्यारोलको सुविधा दिन उपयुक्त देखेमा सम्बन्धित बाल सुधार गृहको प्रमुखले उपदफा (१) बमोजिमको विवरण तथा कागजात संलग्न गरी प्रचलित कानून बमोजिमको प्रोवेशन तथा प्यारोल बोर्ड समक्ष सिफारिस गर्न सक्नेछ।"

१४. <u>मूल ऐनमा दफा ४२क. थपः</u> मूल ऐनको दफा ४२ पछि देहायको दफा ४२क. थपिएको छः-

"४२क.<u>प्रहरी हिरासतमा राख्न सकिनेः</u> (१) दफा ४२ मा जुनसुकै कुरा लेखिएको भए तापनि बाल सुधार गृहमा रहेको अठार वर्ष उमेर पूरा भएको व्यक्तिले प्रचलित कानून बमोजिम फौजदारी कसूर मानिने कुनै कार्य गरेमा अनुसन्धानको लागि अदालतको अनुमतिमा प्रहरी हिरासतमा राख्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम अनुसन्धानको लागि हिरासतमा राखिएको व्यक्ति उपर अनुसन्धान सम्पन्न भई अभियोजन भएमा अदालतले प्रचलित कानून बमोजिम धरौटी वा जमानत माग गर्न वा कैदमा राख्नको लागि कारागारमा पठाउन सक्नेछ।"

१५. <u>मूल ऐनको दफा ४३ मा संशोधनः</u> मूल ऐनको दफा ४३ को उपदफा (३) पछि देहायको उपदफा (३क) थपिएको छः-

"(३क) बाल सुधार गृहमा कुनै कारण सुरक्षा कायम गर्न चुनौती देखिएमा सुरक्षाकर्मी प्रवेश गरी आवश्यक सुरक्षा कारबाही गर्न प्रचलित कानून बमोजिम बल प्रयोग गर्न सक्नेछ।

तर त्यस्तो बलको प्रयोग अन्तिम उपायको रूपमा मात्र गर्न पाइनेछ।"

१६. <u>मूल ऐनमा दफा ४३क. थप:</u> मूल ऐनको दफा ४३ पछि देहायको दफा ४३क. थपिएको छः-

"४३क.<u>कारागारमा पठाउन सिफारिस गर्न सक्ने:</u> (१) बाल सुधार गृहमा रहनुपर्ने अवधि पूरा नहुँदै त्यस्तो गृहमा रहेको बालबालिकाको उमेर अठार वर्ष पूरा भएमा र निजको आचरणमा सकारात्मक सुधार आएको नदेखिएमा वा निजको व्यवहारको कारणले बाल सुधार गृहमा राखिराख्न नसकिने भएमा सम्बन्धित बाल सुधार गृहको प्रमुखले त्यस्तो व्यक्तिलाई कारागारमा पठाउनको लागि बाल सुधार गृह रहेको जिल्लाको प्रमुख जिल्ला अधिकारी समक्ष सिफारिस गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त सिफारिस उपर जाँचबुझ गर्दा त्यस्तो व्यक्तिलाई कारागारमा पठाउन मनासिब देखिएमा सम्बन्धित प्रमुख जिल्ला अधिकारीले त्यस्तो व्यक्तिलाई नजिकको कारागारमा पठाउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम कारागारमा पठाइएको जानकारी बाल सुधार गृहको प्रमुखले सात दिनभित्र सम्बन्धित बाल अदालतलाई दिनु पर्नेछ।"

१७. <u>मूल ऐनको दफा ४४ मा संशोधन:</u> मूल ऐनको दफा ४४ को उपदफा (१) मा रहेका "नशालु पदार्थको" भन्ने शब्दहरूको सट्टा "नशालु पदार्थ वा लागू औषधको" भन्ने शब्दहरू राखिएका छन्।

१८. <u>मूल ऐनको दफा ४८ मा संशोधन:</u> मूल ऐनको दफा ४८ को उपदफा (१) को खण्ड (घ) मा रहेका "कानूनी विवादमा परेका" भन्ने शब्दहरूको सट्टा "कानूनको विवादमा परेका" भन्ने शब्दहरू राखिएका छन्।

१९. <u>मूल ऐनमा दफा ४९क. थप:</u> मूल ऐनको दफा ४९ पछि देहायको दफा ४९क. थपिएको छः-

"४९क. <u>धर्मपुत्र वा धर्मपुत्री राख्न सिफारिस गर्न सक्ने:</u> दफा ४८ को उपदफा (१) को खण्ड (क) र (च) बमोजिमका बालबालिकालाई बाल कल्याण अधिकारीले वैकल्पिक हेरचाहको व्यवस्था मिलाउदा दोस्रो प्राथमिकताक्रमसम्म मिलाउन सकिएन भने त्यस्ता बालबालिका वा वैकल्पिक हेरचाहमा रहेका बालबालिकालाई धर्मपुत्र वा धर्मपुत्री दिन प्रचलित कानून बमोजिम सिफारिस गर्न सक्नेछ।"

२०. <u>मूल ऐनमा दफा ५४क. थप:</u> मूल ऐनमा दफा ५४ पछि देहायको दफा ५४क. थपिएको छः-

“५[illegible] कागजात तयार गर्न नहुने: कसैलेपनि बाबु आमा वा नजिकको संरक्षक [illegible]हुँदै अनाथ वा असहाय भनी कागजात तयार गरी बालबालिकालाई बाल गृहमा राख्न हुँदैन।”

२१. <u>मूल ऐनको दफा ५६ मा संशोधन:</u> मूल ऐनको दफा ५६ को उपदफा (१) मा रहेका “अन्तिम जिम्मेवार” भन्ने शब्दहरूको सट्टा “पूर्ण जिम्मेवार” भन्ने शब्दहरू राखिएका छन्।

२२. <u>मूल ऐनको दफा ५८ मा संशोधन:</u> मूल ऐनको दफा ५८ को उपदफा (२) मा रहेका “र स्थानीय तहको बाल अधिकार समिति” भन्ने शब्दहरू झिकिएका छन्।

२३. <u>मूल ऐनको दफा ५९ मा संशोधन:</u> मूल ऐनको दफा ५९ को सट्टा देहायको दफा ५९ राखिएको छ:-

“५९. <u>राष्ट्रिय बाल अधिकार परिषद्:</u> (१) बालबालिकाको अधिकार तथा हकहितको संरक्षण र सम्वर्द्धन गर्न देहाय बमोजिमको एक राष्ट्रिय बाल अधिकार परिषद् रहनेछ:-

(क) मन्त्री, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय -अध्यक्ष

(ख) सचिव, मन्त्रालय -सदस्य

(ग) सहसचिव, अर्थ मन्त्रालय -सदस्य

(घ) सहसचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय -सदस्य

(ङ) सहसचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय -सदस्य

(च) सहसचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय -सदस्य

(छ) सहसचिव, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय -सदस्य

(ज) सहसचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय -सदस्य

(झ) प्रहरी नायब महानिरीक्षक, प्रहरी प्रधान कार्यालय -सदस्य

(ञ) बालअधिकारका चार क्षेत्र बालबचाउ, बालसंरक्षण, बालविकास र बालसहभागितामा कम्तिमा दश वर्ष काम गरेका व्यक्ति प्रत्येक क्षेत्रको एक जना पर्नेगरी नेपाल सरकारले मनोनयन गरेका कम्तिमा दुईजना महिला सहित चारजना -सदस्य

(ट) स्नातकोत्तर उत्तीर्ण गरी महिला अधिकारको क्षेत्रमा कम्तीमा दश वर्षको योगदान गरेका व्यक्तिहरूमध्येबाट नेपाल सरकारले नियुक्त गरेको व्यक्ति -सदस्य सचिव

(३) उपदफा (२) को खण्ड (ञ) र (ट) बमोजिम नेपाल सरकारबाट मनोनयन वा नियुक्ति भएका व्यक्तिको पदावधि चार वर्षको हुनेछ। नेपाल सरकारले चाहेमा निजलाई अर्को एक कार्यकालका लागि पुनः मनोनयन वा नियुक्त गर्न सक्नेछ।

(४) उपदफा (१) को खण्ड (ञ) बमोजिमको सदस्य मनोनयन हुनका लागि देहाय बमोजिमको योग्यता पूरा भएको हुनु पर्नेछः-

(क) नेपाली नागरिक,

(ख) पैंतीस वर्ष उमेर पूरा भएको,

(ग) मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातक तह उत्तीर्ण गरेको,

(घ) भविष्यमा सरकारी सेवा वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको सेवा वा पूर्ण वा आंशिक स्वामित्व रहेको संस्थाको सेवाको निमित्त अयोग्य ठहरिने गरी बर्खास्त नभएको,

(ङ) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागू औषध बिक्री, वितरण तथा ओसारपसार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरूपयोग, अपहरण सम्बन्धी कसूर, सङ्गठित अपराध, बालबालिका विरूद्धको कसूर, बाल अधिकार हनन वा नैतिकपतन देखिने अन्य फौजदारी कसूरमा सजाय नपाएको वा कुनै कसूरमा जन्म कैद वा बीस वर्ष वा सो भन्दा बढी कैदको सजाय नपाएको,

(च) मनोनित हुँदाको बखत कुनै राजनीतिक दलको सदस्य नरहेको।

(५) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि उपदफा (१) को खण्ड (ञ) बमोजिमको सदस्यले देहायको कुनै कार्य गरेमा नेपाल सरकारले जुनसुकै बखत हटाउन सक्नेछः-

(क) परिषद्लाई हानि नोक्सानी हुने कुनै कार्य गरेमा,

(ख) यस ऐन र नियमावली विपरीत कार्य गरेमा,

(ग) सार्वजनिक नीति तथा सदाचार प्रतिकूल कुनै कार्य गरेमा,

(घ) खराब आचरण गरेमा,

(ङ) आफ्नो पदीय जिम्मेवारी पूरा नगरेमा।

(६) उपनियम (५) बमोजिम पदबाट हटाउनु अघि निजलाई सफाइ पेश गर्न मनासिब मौका दिनु पर्नेछ।

(७) परिषद्को सदस्य-सचिव र काम, कर्तव्य र अधिकार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(८) परिषद्को बैठक तथा काम, कर्तव्य र अधिकार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।"

२४. <u>मूल ऐनको दफा ६० मा संशोधनः</u> मूल ऐनको दफा ६० को उपदफा (२) मा रहेका "गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको उपाध्यक्ष वा उपप्रमुखले तोकेको त्यस्तो गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको सदस्यको अध्यक्षतामा" भन्ने शब्दहरूको सट्टा "सम्बन्धित स्थानीय तहको अध्यक्ष वा प्रमुखको अध्यक्षतामा" भन्ने शब्दहरू राखिएका छन्।

२५. <u>मूल ऐनको दफा ६३ मा संशोधनः</u> मूल ऐनको दफा ६३ को उपदफा (५) को सट्टा देहायको उपदफा (५) राखि उपदफा (६) थपिएको छः-

"(५) उपदफा (१) बमोजिमको बालकोषको व्यवस्थापन तथा सञ्चालनका लागि देहायबमोजिमको कोष सञ्चालक समिति रहनेछः-

(क) सचिव, मन्त्रालय -अध्यक्ष

(ख) सहसचिव, अर्थ मन्त्रालय -सदस्य

(ग) सहसचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय -सदस्य

(घ) सदस्य सचिव, राष्ट्रिय बाल अधिकार परिषद् -सदस्य

(ङ) प्रहरी नायबमहानिरीक्षक, प्रहरी प्रधान कार्यालय -सदस्य

(च) सहसचिव, मन्त्रालय -सदस्य सचिव

(६) उपदफा (१) बमोजिमको कोषको स्थापन, सञ्चालन र प्रयोग सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

२६. **<u>मूल ऐनको दफा ६५ मा संशोधन:</u>** मूल ऐनको दफा ६५ को ठाउँ ठाउँमा रहेका "उच्च अदालत" भन्ने शब्दहरूको सट्टा "बाल अदालत" भन्ने शब्दहरू राखिएका छन्।

२७. **<u>मूल ऐनको दफा ६९ मा संशोधन:</u>** मूल ऐनको दफा ६९ को सट्टा देहायको दफा ६९ राखिएको छ:-

"६९. <u>अस्थायी संरक्षण सेवा:</u> (१) तत्काल उद्धार तथा संरक्षण गर्न आवश्यक देखिएका बालबालिकालाई सुरक्षित बसोबासको व्यवस्था मिलाउन नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले नेपाल सरकारले तोकेको मापदण्ड बमोजिम आवश्यकता अनुसार अस्थायी संरक्षण सेवाको प्रबन्ध गर्नु पर्नेछ।

(२) अस्थायी संरक्षण सेवाको प्रबन्ध सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।"

२८. **<u>मूल ऐनको दफा ७२ मा संशोधन:</u>** मूल ऐनको दफा ७२ को उपदफा (८) पछि देहायको उपदफा (९) थपिएकोछ:-

"(९) कुनै व्यक्ति वा संस्थाले झुट्टा कागजात तयार गरी बालबालिकालाई बाल गृह, पुनःस्थापना केन्द्र, अस्थायी संरक्षण सेवा केन्द्र र परिवारमा आधारित हेरचाह गर्ने संस्थामा राख्ने वा राख्न लगाउने कार्य गरेमा मन्त्रालयले प्रति बालबालिका पचास हजार रूपैयाँसम्म जरिबाना गर्नेछ।"

२९. **<u>मूल ऐनको दफा ७३ मा संशोधन:</u>** मूल ऐनको दफा ७३ को उपदफा (४) पछि देहायको उपदफा (५) थपिएको छ:-

"(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बालबालिकाले कुनै कसूरजन्य कार्य गरी क्षतिपूर्ति तिर्न नसक्ने अवस्था भएमा पीडित बालबालिका भए निजलाई दफा ६३ बमोजिमको बाल कोषबाट क्षतिपूर्ति भराई दिइनेछ र पीडित वयस्क व्यक्ति भएमा निजलाई प्रचलित कानून बमोजिमको पीडित राहत कोषबाट क्षतिपूर्ति भराई दिइनेछ।"

३०. **<u>मूल ऐनको दफा ७५ मा संशोधन:</u>** मूल ऐनको दफा ७५ मा रहेका "उपदफा (८) बाहेक" भन्ने शब्दहरुको सट्टा "उपदफा (८) र (९) बाहेक" भन्ने शब्दहरु राखिएका छन्।

३१. **<u>मूल ऐनको दफा ८१ मा संशोधन:</u>** मूल ऐनको दफा ८१ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ:-

"(१) बाल अदालतले गरेको फैसला, आदेश वा निर्णयमा चित्त नबुझेमा पैंतीस दिनभित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन दिन सकिनेछ र दफा ७२ को उपदफा (८) र (९) बमोजिम मन्त्रालयले गरेको निर्णयमा चित्त नबुझेमा त्यस्तो निर्णय भएको पैंतीस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सकिनेछ।"

३२. <u>मूल ऐनको दफा ८३ मा संशोधनः</u> मूल ऐनको दफा ८३ को,-

(१) खण्ड (क) झिकिएको छ।

(२) खण्ड (ख) मा रहेका "खण्ड (क) बमोजिमको जन्म मिति नभएमा" भन्ने शब्दहरू झिकिएका छन्।

३३. <u>मूल ऐनको दफा ८६ मा संशोधनः</u> मूल ऐनको दफा ८६ को सट्टा देहायको दफा ८६ राखिएको छः-

"८६ <u>कार्यविधि, निर्देशिका र मापदण्ड बनाउने अधिकारः</u> (१) यो ऐन कार्यान्वयन गर्ने मन्त्रालयले यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमको प्रतिकूल नहुने गरी आवश्यक कार्यविधि, निर्देशिका वा मापदण्ड बनाई लागू गर्न सक्नेछ।

(२) यो ऐन वा यस ऐन बमोजिम बनेको नियमावलीको अधीनमा रही सर्वोच्च अदालतले बाल न्याय कार्यविधि वा निर्देशिका बनाउन सक्नेछ।"

## विधेयकमा सर्वसाधारणले गर्ने सुझाव दिने सम्बन्धी ढाँचा

नेपाल सरकार
बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरवार, काठमाडौं

१. सुझाव दिने व्यक्तिको नाम,थरः

२. सम्पर्क नम्बर/ईमेलः

३. विधेयकको नामः

४. सुझावः

(क) सम्बन्धित दफा/उपदफाः

(ख) सुझाव र सो को कारणः